# सुरक्षा निकायका लागि विपद् उद्धार उपकरण व्यवस्थापन अवधारणापत्र

## १. पृष्ठभूमि

गण्डकी प्रदेश विपद्का दृष्टिकोणले बहुआयामिक विपद्जन्य घटना घटने प्रदेश हो । यहाँ तराई देखि हिमालसम्मका भौगोलिक संरचनाले गर्दा तराईमा हुने बाढी तथा डुबान देखि पहाडमा हुने बाढी पहिरो त्यस्तैगरी हिमाली क्षेत्रमा हुने हिम पहिरो, भारी हिमपात, हिमताल विष्फोटन लगायत प्राकृतिक प्रकोप हुने गरेका छन् ।

प्राकृतिक तथा मानव निर्मित कारक तत्वहरुले प्रभावित पार्ने र यसको पूर्वानुमान गर्न नसकिने हुनाले यसको न्यूनीकरण र सामनाको तयारीनै एकमात्र विकल्प हो । यसका लागि संस्थागत संयन्त्रहरुलाई चुस्त र दुरुस्त अवस्थामा राख्नु आवश्यक देखिन्छ । हाल सम्म मुलत विपद्का क्षेत्रमा सुरक्षा निकाय ( नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल) को योगदान अग्रपंक्तिमा देखिन्छ । यिनै निकायहरुको नेतृत्वमानै नागरिक तथा अन्य निकायको परिचालन हुने गरेको छ ।

विपद् उद्धार कार्यमा खटिने सुरक्षा निकायहरुको क्षमता र दक्षता अभिवृद्दी गर्नु भनेको विपद्को पूर्व तयारीको महत्वपूर्ण पक्ष हो । उद्धार कार्यलाई सहज र प्रभावकारी बनाउनका लागि विपद् उद्धार उपकरणको उपलब्धता, पर्याप्तता र भण्डारणको पक्ष महत्वपूर्ण हुन आउछ । उपकरणहरुको व्यवस्थापन विपद पिडितहरुको उद्दारको मात्र बिषय नभई स्वयम उद्दारकर्मीहरुको समेत जोखिम न्यूनीकरणको विषय हो । यसैले सुरक्षा निकाय तथा उद्दारकर्मीलाई क्षमतायुक्त बनाउनकाल लागि उद्धार उपकरण को व्यवस्थापनको पक्ष महत्वपूर्ण रहदै आएको छ ।

हालसम्मको अभ्यास र अनुभवका आधारमा विपद्का समयमा सुरक्षा निकायहरु सिमित श्रोत साधनकै भरमा पूर्ण जिम्मेवारीका साथ उद्धारका कार्यमा खटिएका छन् ।साविकमा नेपाल सरकारका निकायहरु मार्फत मात्र यस्ता साधन र उपकरणहरुको व्यवस्थापन हुने

गरेकोमा प्रदेश सरकारको स्थापनासँगै विपद व्यवस्थापनमा राज्य र आमजनताविचको दुरी कम भएको छ। यसलाई व्यवहारमै सिद्द गर्न विपद्का क्षेत्रमा कृयाशिल निकायहरुलाई श्रोत साधनले पूर्ण र सम्पन्न बनाउनुपर्ने अवस्था छ ।

## २. उदेश्य

क. विपद् जन्य घटनाको जोखिम न्यूनीकरण तथा पूर्वतयारीलाई प्रभावकारी बनाउन उद्दारकर्मीहरुको क्षमता विकास गर्ने,

ख. विपद् जन्य घटनामा परेकाहरुलाई तत्काल उद्दार गर्नका लागि सुरक्षा निकायलाई श्रोत साधन र उपकरणले युक्त बनाउने,

ग. विपद् उद्धार सामाग्रीहरुको व्यवस्थापनमा सुरक्षा निकाय स्वयमलाई जिम्मेवारी र जवाफदेही बनाउने ।

## ३. बजेट र बार्षिक कार्यक्रमको अवस्था

प्रदेश सरकारको बार्षिक विकास कार्यक्रमको खर्च शिर्षक नं ३११२२ मा प्रदेश भित्रका सुरक्षाकर्मीहरुका लागि विपद् उद्धार सामाग्री खरिद गर्ने कार्यक्रम रहेको छ। सो अन्तर्गत अग्नी नियन्त्रण, जलजन्य विपद् उद्धार, खोंचबाट उद्धार, भग्नावशेषबाट उद्धार लगायतका घटनामा आवश्यक उद्धार उपकरण खरिद गर्ने योजना रहेको छ । यसका लागि आ.व ०७६।०७७ को बार्षिक कार्यक्रममा रु ६० लाख व्यवस्था गरिएको छ । सोही खर्च शिर्षक अन्तर्गत रहेर गण्डकी प्रदेश सरकार मन्त्रिपरिषदले अनुमोदन गरेको बार्षिक कार्यक्रम कार्ययोजनामा दोश्रो चौमासिकभित्र सम्पन्न गर्ने उल्लेख भएको छ ।

## ४. कार्यक्रम कार्यान्वयनको मोडल

विपद् उद्दार उपकरणको पहिचान, अवश्यकता पहिचान, स्पेसिफिकेसन निर्माण, लागत अनुमान, सो सामानहरुको खरिद अनुभव र प्राविधिक मूल्यांकनका पक्षमा तयारी गर्नका लागि यस मन्त्रालयसँग आफ्नै जनशक्ति र संरचना नरहेको अवस्थामा साविकमा विपद्जन्य घटनाको राहत तथा उद्दार कार्यमा जिम्मेवार निकाय मार्फतनै उपरोक्त कार्य सञ्चालन गराउन उपयुक्त हुन्छ । विपद् उद्दार उपकरण खरिद र व्यवस्थापनका पक्षमा लामो अनुभव भएका कारण सुरक्षा निकायहरुबाट उद्दार उपकरणको पहिचान लगायतका कार्य

गर्दा सहज र सरल ढंगले सम्पन्न हुने भएकाले विनियोजित बजेट सुरक्षा निकायहरुलाई अख्तियारी प्रदान गरी कार्य सम्पादन गराउदा सहज हुने देखिन्छ ।

गण्डकी प्रदेश सरकारले आ.व ०७६।०७७ मा विनियोजन गरेको रु ६०,००,०००। (रु साठी लाख) लाई प्रदेशमा कृयाशिल रहेका सुरक्षा निकायहरुलाई कार्य जिम्मेवारी र आवश्यकताका आधारमा बाँडफाँट गरी कार्य सम्पादन गराउन सकिन्छ । यसका लागि विपद् उद्दारका क्षेत्रमा कृयाशील **शसस्त्र प्रहरी बल, मुक्तिनाथ बाहिनी पोखरालाई रु २५,००,०००। (रु पच्चिस लाख), गण्डकी प्रदेश प्रहरी कार्यालयलाई रु २०,००,०००। (रु बिस लाख) र नेपाली सेना पश्चिम पृतना पोखरालाई रु १५,००,०००। (रु पन्ध्र लाख) का दरले अख्तियारी दिई** प्रचलित कानूनको अधिनमा रही लेखा राख्ने, लेखा परिक्षण गराउने लगायतका सम्पूर्ण दायित्व बहन गर्ने गरी खर्चको अख्तियारी दिन उपयुक्त देखिन्छ ।

## ५. अपेक्षित नतिजा

क. विपद् उद्दार उपकरण खरिदका लागि प्राविधिक ज्ञान समेत भएका निकाय मार्फत कार्यान्वयन गराउदा उपकरण व्यवस्थापन कार्य सहज र सरल तवरले हुनेछ,

ख. विपद् उद्दार उपकरणको आवश्यकता पहिचान, गुणस्तर, र मूल्यांकन लगायतका प्राविधिक पक्षमा सहज हुनेछ,

ग. मन्त्रालयको जनशक्ति र श्रोत साधन नीतिगत विषयमा केन्द्रित हुनु पर्ने भएकाले समयको बचत हुनेछ ।

घ. विपद् उद्दार उपकरण जसले उपयोग र परिचालन गर्नेहो सोही निकाय मार्फत व्यवस्थापन गर्दा त्यसको स्वामित्व बोध र परिचालनमा मितव्ययिता हुनेछ ।

ङ. एक निकायबाट खरिद गर्ने र अर्को निकायलाई हस्तान्तरण गर्ने घुमाउने प्रकृयाका कारण सिर्जना हुनै झन्झटबाट मुक्त हुनेछ ।